प्यूठान नगरपालिका

# जनता आवास, अति विपन्न ,एकल महिलाहरुका लागि आवास

# कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

# जनता आवास, अति विपन्न ,एकल महिलाहरुका लागि आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

आर्थिक रुपले विपन्न तथा लोपोन्मुख समुदाय, दलित, एकल महिला, आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका समुदाय, द्वन्द्वमा पीडित नगरवासीहरुको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास तथा रोजगारी खाद्यान्य र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ प्रदान गर्ने जिम्मेवारी तथा कर्तव्य नगरपालिकालाई प्रदान गरेको छ । नगर सभाबाट स्वीकृत कार्यक्रमको कार्यान्वयन गर्न यो कार्यविधि नगर कार्यपालिकाको मिति २०७५।१०।१४ मा बसेको बैठकबाट यो कार्यविधि स्वीकृत गरी जारी गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ

क) यस कार्यविधिको नाम जनता आवास कार्यक्रम तथा अति विपन्न, एकल महिलाहरुका लागि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ रहेको छ ।

ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ

## परिच्छेद २

## लक्षित वर्गको पहिचान र कार्यक्रम कार्यान्वयन स्थल

**३. लक्षित वर्गको पहिचान** : लक्षित वर्गको पहिचान देहायको आधारमा गरिने छ ।

क) विगत देखि सो स्थानमा स्थायी बसोवास गर्दै आएको ।

ख) नगरपालिकालाई बुझाउनुपर्ने सबै किसिमको सेवा शुल्क बुझाएको वडा कार्यालयको सिफारिस ।

ग) लाभग्राही बसोवास गर्दै आएको घरको भौतिक अवस्था ।

## ४. लाभग्राहीको छनौटका आधारहरु

क) लाभग्राही छनौट गर्ने प्रयोजनका लागि लाभग्राहीले हाल प्रयोग गरी रहेको घरको क्षेत्रफल, भूई, गारो तथा छानाको किसिम र प्रयोग भएको जग्गाको क्षेत्रफलको आधारमा अनुसूची १ बमोजिम अङ्क प्रदान गरिने छ ।

ख) उपदफा (क) बमोजिम सबै भन्दा बढी अङ्क प्राप्त गर्ने घर धनीले पहिलो प्राथमिकता पाउने छ र त्यस पछि क्रमागत न्यूनतम ३५ अङ्क सम्म प्राप्त गर्ने घर धनीलाई लाभग्राहीहरुको रुपमा छनौट गरिने छ ।

ग) लाभग्राहीको छनौट समन्वय समितिले गर्नेछ ।

घ) उपदफा (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि लाभग्राही छनौट गर्दा बृद्धा, एकल महिला, अनाथ, बालबालिका, द्धन्दपीडित तथा अपाङ्गता भएका अति विपन्न घर परिवारलाई पहिलो प्राथमिकता दिइने छ ।

ङ) संगोलमा रहेका परिवारले एक आवासको सुविधा मात्र पाउने छ तर एका संगोलमा रहेको परिवारले आवास सुविधा पाउने उद्देश्यले आवेदन दिएमा छुट्टी भिन्न भएको समय न्यूनतम १ वर्ष पुरा भै सकेको हुन पर्नेछ ।

च) कुनै नगरवासीको आफु र आफ्नो परिवारको नाममा नगरपालिका क्षेत्र भित्र जग्गा तथा आवास नभएमा त्यस्तो परिवारलाई आवासको लागि जग्गा समेत खरीद गरी आवास वनाई दिन सकिने छ ।

## ५. कार्यक्रम कार्यान्वयन स्थल :

प्राकृतिक प्रकोपको जोखिम रहेको, वन सीमा क्षेत्रमा परेको वा कुनै कारणबाट विवादित जग्गा भएको स्थान बाहेक नगरपालिकाले आवास क्षेत्र घोषणा गरेको स्थानमा बसोवास गर्ने विपन्न तथा खरका छानाहरु भएका वस्तीहरुमा कार्यान्वयन स्थलको रुपमा छनौट गरिने छ ।

## परिच्छेद ३

## रकम तथा निर्माण सामग्री

### ६. रकम तथा निर्माण सामग्री उपलब्ध गराउने

क) रकम उपलब्ध गराउने

कार्यक्रम समन्वय समितिले बाँडफाँड गरेको रकम काम सम्पन्न गरे पछि वैङ्क मार्फत उपलब्ध गराउने छ तर १ तिहाई रकम सम्म पेश्की दिन सकिने छ ।

ख) निर्माण सामग्रीको हकमा बाँडफाँट को लागि छुट्टाएको रकम रु.२०,०००। (वीस हजार) भन्दा कम भएमा कार्यालयबाट सामग्री खरीद गरी दिन सकिने अवस्थामा जिन्सी शाखा मार्फत प्रदान गरिने छ ।

### ७. निर्माण सम्पन्न भएको मानिने छ ।

समितिले अनुगमन सम्झौता बमोजिमको निर्माण भई अनुगमन गरी प्रतिवेदन कार्यालयमा प्राप्त भए पछि निर्माण कार्य सम्पन्न भएको मानिने छ ।

### ८. लागत सहभागिता योगदान र व्यवस्थापन

१) समन्वय समितिले छनौट गरी बाँडफाँड गरेको न्यूनतम रकममा आफ्नो तर्फबाट योगदान गर्न कुनै अनिवार्य सहभागिता गरिएको छैन ।

२) आफ्नो आवास लाई व्यवस्थित, सुरक्षित, बलियो बनाउने कर्तव्य सम्बन्धित लाभग्राहीको हुनेछ ।

## परिच्छेद ४

## समिति सम्बन्धी व्याख्या

### ९. आवास समन्वय समिति

क) कार्यक्रम कार्यान्वयन सम्बन्धी आवश्यक व्यवस्था गर्न तथा कार्यक्रमको समन्वय र व्यवस्थापन गर्नका लागि नगरपालिकामा नगर स्तरीय देहाय बमोजिमको आवास समन्वय समिति रहने छ ।

| | |
|---|---|
| १) संयोजक पूर्वाधार समिति | संयोजक |
| २) सम्बन्धित वडाका वडा अध्यक्षहरु | सदस्य |
| ३) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४) आर्थिक प्रशासन शाखाको शाखा प्रमुख | सदस्य |
| ५) योजना उपशाखा प्रमुख | सदस्य |
| ६) प्राविधिक शाखाको प्रमुख | सदस्य सचिव |

**ख) वडा स्तरीय समन्वय समिति**

देहाय अनुसारको वडा स्तरीय समन्वय समिति रहने छ ।

| | |
|---|---|
| १) सम्वन्धित वडाको वडा अध्यक्ष | संयोजक |
| २) सम्वन्धित वडाको वडा सदस्यहरु | सदस्य |
| ३) नगर कार्यपालिका कार्यालयबाट सम्वन्धित वडा हेर्ने गरी तोकिएको प्राविधिक कर्मचारी | सदस्य |
| ४) वडा सचिव | सदस्य सचिव |

## १०. समितिको काम, कर्तव्य र अधिकार

१) नगर स्तरीय समन्वय समितिको काम देहाय अनुसार हुनेछ ।

क) नगर सभाबाट स्वीकृत गरेको , बजेट अनुसार  न्यूनतम १५ दिनको समयमा मिलाई निवेदन संकलन गर्ने ।

ख) बाँडफाँट गर्दा सम्बन्धित वडा भित्र  रहेका लाभग्राहीहरुको पहिचान सम्पन्न भई सकेपछि वडा स्तरीय समन्वय समितिको सिफारिस अनुसार तोकिएको बजेटका अवस्थामा सेवाग्राहीको वर्गीकरण गरी रकम बाँडफाँड गर्नु पर्नेछ ।

ग) सो बाँडफाँड सम्पन्न भएपछि कार्यक्रमको अनुगमन नगर स्तरीय समितिले गर्ने छ ।

घ) कार्यक्रम कार्यान्वयनको क्रममा आइ परेका बाधा अडचन फुकाउने ।

२) वडा स्तरीय समन्वय समितिको काम देहाय अनुसार हुने छ ।

क) लाभग्राहीको छनौटका लागि सूचना संकलन गर्ने ।

ख) सूचना संकलन भए पछि छानविन गरी सिफारिस सहित छनौटका लागि पठाउने

ग) अनुगमन,कार्यान्वन गर्दा आई पर्ने समस्या समाधान गर्न पहल गर्ने ।

## ११. वेच विखन गर्न नपाउने

लाभग्राहीले आवास इकाई सम्पन्न भएको मितिले ५ वर्ष सम्म बेच बिखन गर्न पाउने छैन ।

**१२. कारबाही हुने :** आवास कार्यक्रमबाट लाभन्वित हुने उद्देश्यले कुनै झुट्टा विवरण पेश गरेमा वा त्यस्तो व्यहोरा ठहर हुन आएमा त्यस्ता व्यक्तिलाई प्रचलित कानून बमोजिम कारबाही हनेछ ।

## १३. सुविधा नपाउने :

यस कार्यविधि बमोजिम आवास इकाई वा सुविधा प्राप्त गर्ने लाभग्राहीलई अन्य कार्यक्रमबाट आवास सुविधा पाउने छैन ।

# अनुसूची १

## दफा ४ को उपदफा (क) संग सम्बन्धित

लाभग्राहीहरुको छनौटका आधारहरु

| सि.न | विवरण | दिइने अङ्क | कैफियत |
|---|---|---|---|
| १ | हाल प्रयोगमा रहेको घरको क्षेत्रफल, प्रति व्यक्ति वर्गफिटमा | ३० भन्दा कमलाई -१०<br>३० देखी ६० सम्म -५<br>६० भन्दा बढी -० | |
| २ | हाल उपभोगमा रहेको जग्गाको क्षेत्रफल, प्रतिव्यक्ति वर्गफिटमा | ६० भन्दा कमलाई -१०<br>६० देखी १०० सम्म -५<br>१०० भन्दा बढी -० | |
| ३ | घर भित्रको भूई | माटो -१०<br>ईटा, ढुङ्गा आदि- ५<br>सिमेन्ट -० | जम्मा फ्लोर एरियाको ५० प्रतिशत वा सो भन्दा बढी क्षेत्रफल भएकालाई अङ्क दिने । |
| ४ | घरको गारो | बाँस, चिरपट/कप्टेरो, आदि वा त्यसमा पराल/स्याउलाको टाटी -१०<br>नमिलेको ढुङ्गाको गारो, बाँस, कप्टेरो, भकारी आदिमा माटोले पोतेका तथा काठ/फल्याक, काँचो ईटामा माटोको जोर्नी -५<br>मिलेको ढुङ्गाको गारो तथा पाकेको ईटामा माटो/सिमेन्टको जोर्नी -० | ५० प्रतिशत सम्ममा जे छ त्यसैलाई मान्ने । |
| ५ | घरको छानो | फुस, आसवेटस, स्याउला, प्लाष्टिक सिट आदी -१०<br>खपटा, टायल टिन -५<br>ढलान, कर्कट पाता -० | आसवेटस छाना स्वास्थ्यको लागि हानिकारक छ । |
| ६ | घर बस्तीमा साधारणतया | भएको -१०<br>नभएको -० | |
| ७ | जग्गाको स्वामित्व | लालपुर्जा भएको वा गाँउब्लक (स्वामित्व पाउन सकिने) वा स्थानीय तहको सिफारिस (स्वबासी र विवाद रहित) -१०<br>नदी ताल किनारामा बसोबास गरेको-० | |
| ८ | खेती योग्य जग्गा | अन्यत्र जग्गा नभएको-१०<br>अन्यत्र जग्गा भएको -० | |
| ९ | घरमूलीको हकमा | अति विपन्न, असहाय, असक्त, बृद्धबद्धा, अनाथ बालबालिका, एकल महिलाजस्ता | |

| | | | |
|---|---|---|---|
| | | घरमूली लाभग्राही भएका-१०<br>अन्य-० | |